# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।१२।०१ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला मुगु, सोरु गाउँपालिका वडा नं. ९ साविक काले गा.वि.स. वडा नं. २, ३, ४ स्थित सिङ्गिखोलादेखि फुक्यालसम्मको आर.सी.सी. सिंचाई कुलो निर्माणका लागि आ.ब. २०७२।०७३ मा उपलब्ध गराएको रकम हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **तत्कालीन जिल्ला प्राविधिक कार्यालय मुगुका जिल्ला इन्जिनियर तथा कार्यालय प्रमुख देवी प्रसाद पाण्डे**ले जिल्ला मुगु, सोरु गाउँपालिका वडा नं. ९ साविक काले गा.वि.स. वडा नं. २, ३, ४ स्थित सिङ्गिखोलादेखि फुक्यालसम्मको आर.सी.सी. सिंचाई कुलो निर्माणमा निजले भुक्तानी गरेको रकमबाट सिङ्गीखोला सिंचाई आयोजनामा नापी किताब, कार्य सम्पन्न प्रतिवेदन अनुसार RCC Canal Lining works, Pipe Line works को रु.१४,१७,९३५।५५ बराबरको कार्य सम्पन्न नगरी नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेकोले निज देवी प्रसाद पाण्डेलाई रु.१४,१७,९३५।५५ (चौध लाख सत्र हजार नौ सय पैतीस रुपैयाँ पचपन्न पैसा मात्र) बिगो कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना हुन एवं बिगो समेत असुलउपर हुन मागदाबी लिइएको छ।

**तत्कालीन जिल्ला प्राविधिक कार्यालय मुगुका इन्जिनियर महेश सिंह कठायत**ले नापी किताब, कार्य सम्पन्न प्रतिवेदन अनुसार प्रथम, द्वितीय र तृतीय विलबाट RCC Canal Lining works, Pipe Line works को जम्मा रु.१२,३६,९०१।०५ बराबरको नभएको कामलाई पनि भएको भनी झुट्टा विल भरपाई बनाई भुक्तानी दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेकोले निज महेश सिंह कठायतउपर रु.१२,३६,९०१।०५ (बाह्र लाख छत्तीस हजार नौ सय एक रुपैंया पाँच पैसा) बिगो कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना हुन एवं बिगो समेत असुलउपर हुन मागदाबी लिइएको छ।

**तत्कालीन जिल्ला प्राविधिक कार्यालय मुगुमा सव इन्जिनियर भिम बहादुर रोकायाले** प्रथम रनिङ्ग विलअनुसार फिल्डमा RCC Canal Lining works, Pipe Line works को जम्मा रु.१,९१,२०६।०८ बराबरको नभएको कामलाई पनि भएको भनी झुट्टा विल भरपाई बनाई भुक्तानी दिई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेकोले निज भिम बहादुर रोकाया उपर रु.१,९१,२०६।०८ (एक लाख एकानब्बे हजार दुई सय छ रुपैयाँ आठ पैसा) बिगो कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना हुन एवं बिगोसमेत असुलउपर हुन मागदाबी लिइएको छ।

**तत्कालीन जिल्ला प्राविधिक कार्यालय मुगुका असिस्टेन्ट सवइन्जिनियर सर्जन शाही**ले तयार गरेको Second, Third running bill अनुसार फिल्डमा RCC Canal Lining works, Pipe Line works को जम्मा रु.१०,४५,६९४।९६ बराबरको नभएको कामलाई पनि भएको भनी झुट्टा विल भरपाई बनाई भुक्तानी दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेकोले निज सर्जन शाहीउपर रु.१०,४५,६९४।९६ (दश लाख पैतालीस हजार छ सय चौरानब्बे रुपैयाँ छयानब्बे पैसा) बिगो कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना हुन एवं बिगो समेत असुलउपर हुन मागदाबी लिइएको छ।

साथै, **सिङ्गीखोला फुकलछडा जल उपभोक्ता समितिको अध्यक्ष दिपादेवी शाही, सचिव पुर्ण बहादुर शाही र कोषाध्यक्ष फुल्टउरा शाही**ले तत्कालीन जिल्ला प्राविधिक कार्यालय, मुगुसँग गरेको सम्झौता र सोअनुसारको इस्टिमेट बमोजिमको काम नगरी स्थलगत नापजाँच र प्राविधिक प्रतिवेदन अनुसार मूल्यांकन हुँदा यथार्थ कार्य मूल्यांकनभन्दा रु.१४,१७,९३५।५५ बराबरको बढी भुक्तानी लिई नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुर गरेकोले निजहरु दिपादेवी शाही, पुर्ण बहादुर शाही र फुल्टउरा शाहीलाई जनही रु.१४,१७,९३५।५५ (चौध लाख सत्र हजार नौ सय पैतीस रुपैयाँ पचपन्न पैसा) बिगो कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिमको कैद र जरिवानाको सजाय गरी बिगोसमेत असुलउपर हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे